## पञ्चकन्या गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## लाकुरीभञ्ज्याङ, नुवाकोट प्रदेश नं ३

### बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।०३।१० गते)

**आ.व. २०७६/०७७ को लागि, ढुंगा, बालुवा, गिटी, ग्राभेल, रोडा, स्लेट ढुंगा लगायतका नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

पञ्चकन्या गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, प्रदेश नं. ३ को आर्थिक ऐन २०७५ को दफा ९ (१) को अनुसूची ५, प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको च.नं. ६४ मिति २०७५।०४।२२ को पत्र, यस गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०७६।०३।०६ को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०७६।०३।०७ को बैठकको निर्णय बमोजिम चालु आ.ब. २०७५/०७६ को बांकी अवधिको लागि पञ्चकन्या गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका लिखु र तादी नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित मध्ये देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर असूली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले ३० दिनभित्र (मिति २०७६।०४।०८ भित्र) यस कार्यालयको नेपाल बैंक लि. त्रिशुली शाखामा रहेको संचित कोष खाता नं. ०२६०३००००००००४००१०७८ मा वोलपत्र दस्तुर वापतको रु ३०००।०० तीन हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी र चालु आ.व.मा नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ को करचुक्ता प्रमाणपत्र सहित बोलपत्र फारम भरी ३१ औं दिन (मिति २०७६।०४।०९) दिनको १२:०० बजेसम्म रु ५०००००।०० धरौटी रकम ने.वै.लि. त्रिशुली शाखामा रहेको धरौटी खाता नं. ०२६०३००००००००३००००१२ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत पेश गर्न सकिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्रहरु ३१ औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको लेखा शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशील</u>

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/आन्तरिक आय/२०७६/०७७ | नुवाकोट जिल्ला, पञ्चकन्या गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका तादी र लिखु एवं आसपासका खोलाहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>१.ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरल ५७९३६६।९ क्यु फिट को रु ५२१४३०२।१ (बाउन्न लाख चौध हजार तिन सय दुइ रुपैया एक पैसा मात्र)<br>२.पञ्चकन्या गाउँपालिका क्षेत्र भित्र भुकम्प पिडितको निजि आवास पुन निर्माण कार्यको लागी संकलन र बिक्री कर क्यू फिट रु.६।०० का दरले क्यू ३८६२४४।६ फिटको रु २३१७४६७६ (तेइस लाख सत्र हजार चार सय सतसठ्ठी रुपैया छ पैसा मात्र)<br><br>३. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु ..............................<br>➢ ब्लक प्रति गोटा रु १।००<br>➢ इटा प्रतिवटा रु.०।२५<br>➢ वियर वोटल, मदिरा सिसी, अन्य बोटल प्रति गोटा रु ०।५०<br>➢ प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।५०<br>➢ फलाम प्रति केजी रु १।५०<br>➢ जस्तताजन्य पदार्थ प्रति केजी रु १।५०<br>➢ तामा, पित्तल प्रति केजी रु ३०।००<br>➢ कागज प्रति केजी रु ०।५०<br>➢ काठ दाउरा प्रति सेफ्टी रु १।५०<br>➢ इनारको रिंग प्रति गोटा रु १५।०० | ९६५६११।५ क्यु फिट | रु ७५,३१७६९।७ (पचहत्तर लाख एकतिस हजार सात सय उन्नसत्तरी रुपैया सात पैसा मात्र)<br><br>रु १२०००००।०० (बाह्र लाख) | ३,०००।०० |
| | कुल जम्मा | | रु.८७३१७६९।७ (सतासी लाख एकतिस हजार सात सय उन्नसत्तरी रुपैया सात पैसा मात्र) | |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म E-Bidding मार्फत सार्वजनिकखरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मा Annex to Bidding data sheet for provision of E-bidding मा सबै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्न सकिने छ ।

२. नेपाल सरकार, ३ नं. प्रदेश सरकार र पन्चकन्या गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।

३. बोलपत्रदाता र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा बोलपत्रदाताको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा गाउँपालिका मार्फत भुक्तानी गर्नु पर्नेछ र अन्य कर शुल्क लागेमा बोलपत्रदाता आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।

५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र कबुल अंकको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ । प्रथम किस्ता ४० प्रतिशत रकम, एकमुष्ट ठेक्का सम्झौता अगावै जम्मा गर्नु पर्नेछ । बाँकी ६० प्रतिशतले हुने रकम (मु.अ.कर समेत) ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

८. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

९. ईट्टाको हकमा गाउँपालिका क्षेत्रमा उत्पादित इटाको मात्र लिन पाईनेछ ।

१०. नदी खोला वरपरका प्रत्यक्ष प्रभावित एवं गाउँपालिका भित्र बसोबास गर्ने भूकम्प पिडित नागरिकहरुले निर्माण गर्ने घरको लागि नदी किनारबाट मानिस आफैंले उत्खनन् गरी सिधै उपभोग गर्ने निर्माणमुखि बस्तुहरुमा कुनै पनि कर लिन पाइने छैन ।

११. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

१२. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

पञ्चकन्या गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट

## बोलपत्र फाराम

नुवाकोट जिल्ला, पञ्चकन्या गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका लिखु, तादी र अन्य आसपासका क्षेत्र भित्रबाट उत्खनन् हुने ढुंगा, गिटी, वालुवा, ग्राभेल, रोडा, स्लेट, आदि दहत्तर बहत्तर तथा इट्टा, ब्लक, पानी, कवाडी सामान लगायतका नदीजन्य तथा खानीजन्य पदार्थहरुमा तोकिए बमोजिमको दरमा कर असूली गर्ने कार्य ।

**न्यूनतम अंक रु. ८७३१७६९।७** (सतासी लाख एकतिस हजार सात सय उन्नसत्तरी रुपैया सात पैसा मात्र)

ठेक्का नं. ०१/आन्तरिक आय/२०७६/०७७

| *क्र.सं.* | *विवरण* | *कबोल रकम रु* | | *धरौटी रकम रु* |
|---|---|---|---|---|
| | | *अंकमा* | *अक्षरमा* | |
| १ | नदीजन्य पदार्थहरु (ढुंगा, गिटी, वालुवा, ग्राभेल, रोडा, स्लेट, इट्टा आदि), कवाडी र अन्य वस्तुहरुमा संकलन, विक्रि तथा निकासी कर असुल गर्ने कार्य | | | |

**बोलपत्रदाताः**

**फर्मको नाम र ठेगानाः-**

**प्रोपाइटरको नामः-**

**दस्तखतः-**

**मितिः-**

**छापः-**

To the Chief Administrative Officer
Panchakanya Rural Municipality Office,
Nuwakot

Date: ............2019

**Subject: Power of Attorney**

Dear Sir,

With reference above mentioned subject, we big inform you that we have the power of attorney to Mr. ............................ (Pro. ..............................) for purchases, prepare and submit the tender document and all official dealing (Including financial, administration and) after the contract award to this JV for the Likhu Rural Municipality Office, Nuwakot Internal Revenue Collection work (Package No. 01/Internal Revenue/076/077).

All of this action regard will be accepted by the JV specimen signature of Mr. ..................................

..........................
Specimen Signature

...........................
**Name: .........................**
**Propritor**
..........................
**First Party**

...................................
**Name...........................**
**Propritor**
........................
**Second Party**

# JOINT VENTURE AGREEMENT:

This agreement is made between M/S.......................... (Pro. ..........................................) having its registered office at ................................................ (hereby called the Partner In-Charge), M/S .................................. (Pro. ......................................) having its registered office at .........................., .................. (hereby called the second party) on ................ 2018.

Whereas, Likhu Rural Municipality Office, Nuwakot has invited to the Institution to Qualify and Bid for the District Revenue collection work (Package No 01 / Internal Revenue/076/077).

Now, the above mentioned parties are well known Contractors having lots of experiences in Construction in different types of work and are desirous and have agreed to apply jointly for qualification, bidding, program, execution and maintenance of the above mentioned work.

**All the parties agree it upon follows:**

1. The name of Joint Venture will be ........................................... JV.
2. The address of the Joint Venture will be ................................. .
3. The lead partner of this Joint Venture is ................................, .........................................
4. The Partner of the Joint Venture shall be jointly and severally liable for the execution of the contract. All the parties have agreed that a board consisting of representative from each party will be formed which will be responsible for overall management to the job order to fulfill all contractual obligations to complete the job within the stipulated period.
5. All the parties have agreed that the contribution of each party for this contract will be as below and the return from this contract and the loss will also be shared as per each party's contribution.
   **1) M/S .............................** ........% (.......... **Percent)**
   **2) M/S ..............................** .......% (........... **Percent)**
   **3) M/S .............................** .......% (........... **Percent)**
6. All the expenses involved in execution of contract shall be borne by each party in proportion to their participation ratio as explained on clause no 5.
7. Matters not stipulated in this agreement shall be decided between the parties mutually from time to time. Matters provided under this agreement or any of its term and conditions may be amended.
8. All the companies agreed on the terms and conditions mentions above and signed the agreement today on ..................... 2019.

.........................................
Propritor
.......................
First Party

................................
Propritor
.......................
Second Party

पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट

# आ.व. २०७६/०७७ को लागि आन्तरिक आय तर्फको करको दररेट

क) प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३, हेटौंडाको च.नं. ६४ मिति २०७५।०४।२२ को पत्रानुसार दहत्तर बहत्तर शुल्कको दररेट देहाय बमोजिम हुनेछ ।

| **क.सं.** | **विवरण** | **इकाई** | **दर (संकलन शुल्क)** | **दर (विक्री शुल्क)** |
|---|---|---|---|---|
| १ | ढुंगा, चुनढुंगा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानीक्षेत्र बाहेक) | प्रति घन फिट | रु ३।०० | रु ६।०० |

ख) पञ्चकन्या गाउँकार्यपालिकाको मिति २०७६।०३।०७ गतेको निर्णयानुसार पञ्चकन्या गाउँपालिका क्षेत्र भित्रका भुकम्पपिडतको निजी आवास पुन निर्माण कार्यको लागि संकलन र विक्री कर गरी प्रति क्यु फिट रु ६।०० का दरले

ग) कवाडी सामान तथा अन्य वस्तुहरुमा निकासी करको दररेट देहाय बमोजिम हुनेछ ।

१. ब्लक प्रति गोटा रु १।००
२. पानी प्रति लिटर रु ०।२५
३. वियर वोटल प्रति गोटा रु ०।५०
४. मदिरा सिसी प्रति गोटा रु ०।५०
५. अन्य बोटल प्रति गोटा रु ०।५०
६. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।५०
७. फलाम प्रति केजी रु २।००
८. सिलौट, जस्ता प्रति केजी रु २।००
९. तामा, पित्तल प्रति केजी रु ३०।००
१०. कागज प्रति केजी रु ०।५०
११. हाड, सिंग, खुर प्रति केजी रु ५।००
१२. इटा लोकल प्रति गोटा रु ०।२५
१३. इनारको रिंग प्रति गोटा रु १५।००

नोट : उल्लेखित दरमा मूल्य अभिवृद्धि कर (VAT) समावेश छैन ।